म्याग्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देउराली, नुवाकोट
बागमती प्रदेश

मिति : २०७७/०४/०६

## सामाजिक सुरक्षा लाभग्राही विवरण नविकरण सम्बन्धि

## सूचना !

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली २०७६ को नियम ९ मा सामाजिक सुरक्षा लाभग्राही विवरण हरेक वर्ष नविकरण गर्नु पर्ने व्यवस्था भए बमोजिम यस म्यागङ गाउँपालिका ६ वटै वडाहरुमा सामाजिक सुरक्षा लाभग्राहीहरुले सम्बन्धित वडा कार्यालयमा उपस्थित भई सामाजिक दुरी कायम गर्दै तोकिएको ढाँचामा निवेदन दिई २०७७ श्रावण मसान्तभित्र अनिवार्य रुपमा आफै उपस्थित भई आफ्नो सामाजिक सुरक्षा लाभग्राही विवरण नवीकरण गराउनुहुन सुचित गरिन्छ। वालवालिकाको हकमा निजको आमा, बाबु, संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछन् भने ९० बर्ष माथिका हिडडुल गर्न नसक्ने व्यक्तिको हकमा निजका सन्तान वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछन।

**सामाजिक सुरक्षा व्यक्तिगत विवरण नबिकरण गर्न आउदा ल्याउनु पर्ने कागजात/वडा सचिवले संकलन गर्नुपर्ने कागजातहरुः**

१. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
२. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ।
३. बालबालिकाको हकमा जन्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।
४. सम्बन्ध बिच्छेद गरि अर्को विवाह नगरेकि महिलाको हकमा सम्बन्ध बिच्छेद दर्ताको प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको प्रमाण ।
५. बिधवा महिलाको हकमा पतिको मृत्युदर्ताको प्रमाणपत्रको प्रतिलिपि ।
६. न्यायिक पृथकीकरण गरि बसेको महिलाको हकमा पृथकीकरण भएको प्रमाण ।
७. बिबाह नगरी बसेकी महिलाको हकमा वडाको सिफारिस पत्र ।
८. अपाङ्गता भएको व्यक्तिको हकमा गाउँपालिकाबाट जारि भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि ।

पुनश्चः१) राष्ट्रिय परिचयपत्र तथा पंजीकरण विभागको निर्देशन अनुसार ६० बर्ष भन्दा कम उमेर भएका बिधवा र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरुको हकमा नयाँ दर्ताको लागी बिभाग बाट अर्को सूचना जारी नभए सम्मको लागी नयाँ दर्ता तथा नविकरण नगर्नुहुन ।

२) सामाजिक सुरक्षा लाभग्राही विवरण नविकरण निवेदनको ढांचा यसै सूचना साथ संलग्न छ ।

३) सामाजिक सुरक्षा लाभग्राही विवरण नबिकरण नगरेमा सामाजिक सुरक्षा कार्यविधि २०७२ दफा ११ को (ङ) अनुसार लागत कट्टा गरिने ब्यबस्था भएकोले अनिवार्य रुपमा नविकरण गर्नु गराउनु हुन ।

............................
बिरेन्द्र तामाङ
सूचना प्रविधि अधिकृत

विरेन्द्र तामाङ
सूचना प्रविधि अधिकृत

myagangrm@gmail.com, URL: myagangmun.gov.np

**श्री वडाध्यक्ष ज्यू,**

**वडा नं.......... , म्यागङ गाउँपालिका, नुवाकोट।**

| हालसालै खिचिएको पासपोर्ट साइजको फोटो |
|---|

**विषय : सामाजिक सुरक्षा लाभग्राही विवरण नविकरण गराई पाउँ।**

उपरोक्त विषयमा सामाजिक सुरक्षा नियमावली २०७६ को नियम ९ मा सामाजिक सुरक्षा लाभग्राही विवरण प्रत्येक आर्थिक वर्षको श्रावण मसान्त भित्र नविकरण गरिसक्नु पर्ने प्रवधन भए बमोजिम आगामी आर्थिक वर्षमा पनि सामाजिक सुरक्षा भत्ता पाउनका लागि देहायको विवरण सहित यो निवेदन पेश गरेको छु। मैले राज्यकोष तथा वैदेशिक श्रोतबाट मासिक पारिश्रमिक, निवृत्तिभरण वा अन्य कुनै पनि सुविधा लिएको छैन। उल्लेखित व्योहरा ठिक साँचो हो। झुठा ठहरे प्रचलित कानुन बमोजिम सहुँला, बुझाउँला।

सामाजिक सुरक्षा भत्ताको किसिम : (उपयुक्त कुनै एकमा ठिक चिन्ह (✓) लगाउने )

- जेष्ठ नागरिक ☐
- बालबालिका ☐
- अति अशक्त अपाङ्ग ☐
- पूर्ण अपाङ्ग ☐
- असाहय एकल महिला ☐
- लोपोन्मुख आदिबासी जनजाती ☐

**निवेदक**

नाम थर : ....................................

ठेगाना : ....................................

लिङ्ग : ....................................

परिचय पत्र नं. : ....................................

सम्पर्क नं. : ....................................

दस्तखत : ....................................

**बालबालिका वा अपाङ्गताको हकमा :**

संरक्षकको नाम थर :

संरक्षकको दस्तखत :

सम्पर्क मोबाइल नं. :

**कार्यालय प्रयोजनको लागिः**

परिचय पत्र नविकरण निर्णय मिति :

भत्ताको किसिम :

परिचय पत्र नम्बर :